आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

<u>घर भाडा/ फ्ल्याट लिने सम्बन्धी पन्ध्र दिने सूचना</u>

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२३

यस मन्त्रालयबाट प्रदेश राजस्व कार्यालयको लागि घर / फ्ल्याट बहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर भाडामा लिनूपर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइ पुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाई रीत पूर्वकको निवेदन यस मन्त्रालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. भाडा लिनुपर्ने घर सुनसरी जिल्लाका इटहरी उप महानगरपालिका मुख्य चोक बाट करिब ५ किलोमिटरको दूरी ( पूर्व पश्चिम, उत्तर र दक्षिण) भित्र अवस्थित हुनुपर्ने ।

२. कम्पाउन्ड वालले घेराबार भएको हुनुपर्ने ।

३. गाडी पार्किङ गर्ने सुविधा हुनुपर्ने ।

४.प्राविधिक दृष्टिकोणले उपयुक्त घर हुनुपर्ने ।

५.घरमा विद्युत, धारा, पानी शौचालयको सुविधा भएको हुनुपर्ने ।

६.बहाल लिने घरमा कम्तीमा ८ कोठा हुनुपर्ने ।

७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नु पर्नेछ ।

८. आफूले भाडामा दिन चाहेको घरजग्गा कति भाडा दरमा दिन सकिने हो ? घर बहाल कर सहित मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

९. नियमानुसारको घर बहाल कर लाग्नेछ ।

१०. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ ।

११. अन्य कुराहरू यस मन्त्रालयले तोके बमोजिम हुनेछ ।

सुसिल बास्तोला
उप सचिव
प्रशासन महाशाखा प्रमुख